यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/८२

चलानी नम्बर :-

मिति: २०८२।०३।०४

## रोजगार संयोजक तथा रोजगार सहायक करार सेवामा पदपुर्ती गर्ने सम्बन्धि सूचना ।

यस यशोधरा गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक पद १(एक) र रोजगार सहायक पद १(एक) खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपुर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र राजश्व इकाईमा राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| क्र.स. | विज्ञापन नं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १२/०८१।०८२ | रोजगार संयोजक(अधिकृत छैठौं) | १ | |
| २ | १३।०८१।०८२ | रोजगार सहायक(सहायक पाचौं) | १ | |

**आवश्यक न्यूनतम योग्यता र छनौट किसिम**

१. योग्यता र अनुभव :

- रोजगार संयोजकको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको, रोजगार सहायकको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
- रोजगार सहायकको हकमा मन्यता प्राप्त संस्थाबाट आधारभूत कम्प्युटर सिप सम्बंन्धि कम्तिमा ३ महिनाको तालिम लिएको ।
- दुबै पदको हकमा न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता भए सोको प्रतिलिपि ।
- रोजगार संयोजकको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष उमेर पुरा भइ ४५ बर्ष ननाघेको र रोजगार सहायकको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष उमेर पुरा भइ ४५ बर्ष ननाघेको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कार्यवाही नभएको ।
- कुनै कानुनले अयोग्य नभएको ।

२. छनौट किसिम :

- रोजगार संयोजकको हकमा रोजगार संयोजकको पदपुर्ती र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ बमोजिम हुने छ ।
- रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ती सम्बन्धि मापदण्ड, २०७८ बमोजिम हुने छ ।
- रोजगार संयोजकको हकमा आवेदन शुल्क रु. १०००।- (एक हजार) र रोजगार सहायकको हकमा रु. ५००।-(पाँच सय) मात्र
- दरखास्त दिने अन्तिम मिति २०८२।३।१८ गते सम्म ।

प्रमुख प्रशासकीय अधिकृत

Websit : www.yasodharamun.gov.np and Email : info@yasodharamun.gov.np

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/८२
चलानी नम्बर :-

मिति : २०८२।०३।०४

- सेवा सुविधा तथा अन्य : प्रचलित कानुन बमोजिम हुने छ ।
- काम गर्नु पर्ने स्थान : यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बैदौली, कपिलवस्तु ।
- परीक्षाको किसिम : प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन, लिखित तथा प्रयोगात्मक परीक्षा ।
- परीक्षा मिति : प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन पश्चात परीक्षाको मिति तोकिने छ ।

३. आवश्यक कागजातहरु :

- निवेदकको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- नागरिकताको प्रतिलिपि ।
- रोजगार संयोजकको हकमा नेपाल सरकारद्धारा संचालित कार्यक्रम वा साविकको स्थानीय निकाय वा हालको स्थानीय तहहरुमा सोही सरहको पदमा काम गरेको भए सोको अनुभवको प्रतिलिपि र रोजगार सहायकको हकमा नेपाल सरकारद्धारा संचालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको भए अनुभवको प्रमाणित प्रतिलिपि ।
- बैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- अन्य व्यवस्था संघिय सरकारको प्रचलित कानुन बमोजिम हुने छ ।
- आवेदन फारम यशोधरा गाउँपालिकाको वेवसाइट www.yasodharamun.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।
- थप जानकारीका लागि ९८५७०५१८४३ र ९८५७०५४८४३ मा सम्पर्क गर्न सक्नु हुने छ ।

२०८२।३।४

(ऋषभ देव खनाल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत